बैठक संख्याः २०७९/८०-१

आज मिति २०७९/०४/२५ गते बुधबारका दिन बिहान ८ बजे सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको सभाहलमा देहायको सदस्य तथा व्यक्तिहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि तपशिलका निर्णयहरु गरियो ।

**उपस्थितिः**

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भरत गिरी | अध्यक्ष | |
| २ | राम बहादुर वस्नेत | उपाध्यक्ष | |
| ३ | मार्शल कुमार ओली | सचिव | |
| ४ | रमेश चलाउने | वडाध्यक्ष, १ नं वडा | |
| ५ | मेक बहादुर बुढाथोकी | वडाध्यक्ष, २ नं वडा | |
| ६ | जिवराज बोहरा | वडाध्यक्ष, ३ नं वडा | |
| ७ | खर्कविर रोका | वडाध्यक्ष, ४ नं वडा | |
| ८ | चुडामणी रेउले | वडाध्यक्ष, ५ नं वडा | |
| ९ | बुदी कुवर | कार्यपालिका सदस्य | |
| १० | आशा परियार | कार्यपालिका सदस्य | |
| ११ | करुणा राना वस्नेत | कार्यपालिका सदस्य | |
| १२ | मनि सार्की | कार्यपालिका सदस्य | |
| १३ | केशर परियार | कार्यपालिका सदस्य | |
| १४ | भिम बहादुर विक | कार्यपालिका सदस्य | |

**अन्य उपस्थितिः**

१. भिमलाल भण्डारी — सूचना प्रविधि अधिकृत

२. रविन्द्र बहादुर थापा — सहायक पाँचौं लेखा

३. हिमा कुमारी रेउले — कास

CamScanner

**प्रस्तावहरु**

१. ह्वील चियरको ढुवानी लगायतको Logistics खर्च सम्वन्धमा।

२. स्वास्थ्य संकट तथा विपद् प्रतिकार्य योजना सम्वन्धमा ।

३. वडाबाट सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धमा ।

४. जनहित कार्य (QIP) सम्बन्धी योजना छनौट सम्वन्धमा।

५. सिद्ध कुमाख गाउँपालिकाको संचित कोषको आन्तरिक लेखापरिक्षण सम्वन्धि कार्यविधि सम्वन्धमा ।

६. गाउँ शिक्षा समिति गठन सम्वन्धमा ।

७. बजेट निकासा माग सम्वन्धमा ।

८. सिद्ध कुमाख गाउँपालिकाको कार्य संचालन निर्देशिका, २०७७ संशोधन सम्वन्धमा ।

९. औषधि उपचार खर्च पाउने लाभग्राहीको विवरण संकलन सम्वन्धमा ।

१०. स्थानीय पाठ्यक्रम निर्माण सम्वन्धमा ।

११. सडक मर्मत सम्भार सम्वन्धमा ।

१२. पदपूर्तिको लागि अनुमति प्रदान सम्वन्धमा ।

१३. सिद्ध कुमाख गाउँपालिकाबाट आर्थिक सहायता प्रदान गर्ने सम्वन्धि मापदण्ड सम्वन्धमा ।

१४. आ.व. २०७८/७९ को आर्थिक दायित्व सिर्जना सम्वन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

भरत गिरी
अध्यक्ष

**निर्णय नं १:**
यस गाउँपालिकामा शारीरिक अपाङ्गता भएका व्यक्तिहरुको लागि रोटरी क्लब अफ तुल्सिपुर, दाङसँग २० थान ह्वील चियर माग गर्ने र सोको ढुवानी लगायतका Logistics खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं २:**
सिद्ध कुमाख गाउँपालिकाको स्वास्थ्य संकट, विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ३:**
यस गाउँपालिका अन्तर्गतका जेष्ठ नागरिक र क वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई वडा केन्द्रबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा खटिएका कर्मचारी, सुरक्षाकर्मी र जनप्रतिनिधिहरुलाई खाजा खर्च प्रतिव्यक्ति १५० नबढ्ने गरी र यातायात सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ४:**
नेपाली सेनाको सवुजगण सिमखर्क व्यारेक सल्यानबाट यस गाउँपालिकामा सञ्चालन गर्न सकिने जनहित कार्यहरु उपलब्ध गराइदिनु भनि अनुरोध भै आएकोले तपशिल बमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो ।

| सि.न. | योजनाको नाम | ठेगाना |
|---|---|---|
| १ | सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण | सिद्ध कुमाख ५ माझखर्क |
| २ | पशुपति आवि भवन निर्माण | सिद्ध कुमाख १ बाँझकाडा |
| ३ | महेन्द्र आवि भवन निर्माण | सिद्ध कुमाख २ सालघारी |
| ४ | सिद्ध गुफा संरक्षण योजना | सिद्ध कुमाख २ |

**निर्णय नं ५:**
सिद्ध कुमाख गाउँपालिकाको संचित कोषको आन्तरिक लेखापरिक्षण सम्वन्धि कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ६:**
सिद्ध कुमाख गाउँपालिकाको गाउँ शिक्षा समिति तपशिल बमोजिम गठन गर्ने निर्णय गरियो ।
तपशिलः

१. गाउँपालिका अध्यक्ष श्री भरत गिरी - संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
३. सामाजिक विकास समिति संयोजक श्री खर्कविर रोका - सदस्य
४. कार्यपालिका सदस्यः श्री रमेश चलाउने - सदस्य
५. कार्यपालिका सदस्य(महिला) श्री आशा परियार - सदस्य
६. कार्यपालिका सदस्य( दलित) श्री केशर परियार - सदस्य
७. सामुदायिक विद्यालयका प्रअ मध्येबाटः श्री कर्ण बहादुर बुढा - सदस्य

भरत गिरी
प्रमुख प्रशासकीय अधिकृत

८. संस्थागत विद्यालयका प्रतिनिधि मध्येबाट: श्री भिम बहादुर बुढाथोकी - सदस्य
९. विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि मध्येबाट: श्री सुनिल नेपाली - सदस्य
१०. शिक्षक महासंघका प्रमुख: श्री धर्मराज घर्ति - सदस्य
११. शिक्षा अधिकृत - सदस्य सचिव

**निर्णय नं ७:**
कर्णाली प्रदेस सरकारका समपूरक, विशेष र ससर्त अनुदान अन्तर्गत आव २०७८/७९ मा निर्माण कार्य भै विल भरपाई सहित पेश भएका तपशिलका योजनाहरुको प्राविधिक मूल्याकन बमोजिमको रकम प्रदेश सरकारले निकासा नदिदा भुक्तानी हुन नसकेकोले कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा बजेट निकासाको लागि माग गर्ने निर्णय गरियो ।
तपशिल:

| क्र.स. | योजनाको नाम | ठेगाना |
|---|---|---|
| १ | सारदा देविदर्का माथिल्लो बाँझकाडा लिफ्ट खानेपानी योजना | सिद्ध कुमाख १, सल्यान |
| २ | उचाल्ने खार्वन सडक स्तरोन्नती योजना | सिद्ध कुमाख ४, सल्यान |
| ३ | कुमाख कालालेख सडक निर्माण योजना | सिद्ध कुमाख २, सल्यान |
| ४ | नेरा मावि छापडाडा पुर्वाधार निर्माण योजना | सिद्ध कुमाख ५, सल्यान |
| ५ | जनसेवा आवि सागिने भवन निर्माण | सिद्ध कुमाख ४, सल्यान |

**निर्णय नं ८:**
सिद्ध कुमाख गाउँपालिकाको कार्य संचालन निर्देशिका, २०७७ मा तपशिल बमोजिम संशोधन गर्ने निर्णय गरियो ।
तपशिल:

१. दफा ५ को ख(१) मा पाँच सय रुपैयाँ भन्ने शव्दको सट्टा खाजा खर्च बापत् रु दुई सय रुपैयाँ र खानाखर्च बापत् छ सय रुपैयाँ गर्ने ।
२. दफा ५ को ख(२) मा दुइ सय पचास भन्ने शव्दको सट्टा खाजा खर्च बापत् रु दुई सय रुपैयाँ र खाना खर्च बापत रतिन सय रुपैयाँ गर्ने ।
३. दफा ८ को उपदफा ७ मा सात को सट्टा देहाय बमोजिम गर्ने:
सरकारी सवारी साधन प्रयोग गर्ने पदाधिकारी र कर्मचारीलाई निजले प्रयोग गरेको सवारी साधनको मर्मतको लागि विल बमोजिम कार/जीपको वार्षिक रु १ लाख, व्याकुलोडरको वार्षिक रु १ लाख ५० हजार र मोटर साइकल वा स्कुटरको लागि वार्षिक रु ३० हजार नवढ्ने गरी मर्मत खर्च उपलव्ध गराउने र सो भन्दा बढी रकमको सवारी साधनको मर्मत सम्भार बापतको रकम भुक्तानी गर्नुपर्ने अवस्थामा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।
४. दफा ९ (१) मा तपशिल बमोजिक थप गर्ने
तपशिल:

१. फिल्डमा काम गर्ने प्राविधिक कर्मचारीको इन्धन खर्च १५ लिटर भन्दा वढी हुन गएमा कार्यपालिकाको निर्णय बमोजिम मात्र भुक्तानी दिने ।

५. दफा १४ को २(ग) मा पाँच सय रुपैयाँ भन्ने शब्दको सट्टा छ सय रुपैयाँ गर्ने ।

**निर्णय नं ९:**

मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गराइरहेका, क्यान्सर रोग भएका र मेरुदण्ड पक्षघात भएका विरामीहरुलाई औषधि उपचार खर्च उपलब्ध गराउने प्रयोजनका लागि लाभग्राहीको विवरण संकलन गर्न सबै वडा कार्यालयहरुलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं १०:**

सिद्ध कुमाख गाउँपालिकाको स्थानीय पाठ्यक्रम निर्माणको प्रक्रिया अगाडि बढाउन शिक्षा, युवा तथा खेलकुद शाखालाई जिम्मेवारी गर्ने निर्णय गरियो ।

**निर्णय नं ११:**

सिद्ध कुमाख गाउँपालिका भित्र वर्षाका कारण बिग्रेका सडकका मर्मत सम्भार कार्य अमानतबाट गराउने निर्णय गरियो ।

**निर्णय नं १२:**

निराजन माध्यमिक विद्यालय, ढोरचौर, सल्यानमा प्राविधिक धारतर्फ रिक्त हुन गएको मावि तृतीय श्रेणीको प्रशिक्षकको दरवन्दीमा पदपुर्ति गर्न सम्बन्धित विद्यालयलाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १३:**

सिद्ध कुमाख गाउँपालिका अन्तर्गतका विभिन्न वडावाट आर्थिक सहायता सम्वन्धि सिफारिस भइ आएका निवेदनहरुलाई आर्थिक सहायता प्रदान गर्न तपशिल बमोजिमको आर्थिक सहायता प्रदान गर्ने मापदण्ड स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल:

| क्र.स. | आर्थिक सहायताको विवरण | सहायता रकम वढीमा |
|---|---|---|
| १. | वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका व्यक्तिका परिवार | रु पच्चिस हजार मात्र |
| २. | विपद्/दुर्घटनाका कारण मृत्यू भएका व्यक्तिका परिवार | रु पच्चिस हजार मात्र |
| ३. | क्यान्सर, पक्षघात, मृगौला, कलेजो, फोक्सो, मुटु र मानसिक सम्वन्धि दिर्घरोगीलाई उपचार खर्च प्रति व्यक्ति | रु पन्ध्र हजार मात्र |
| ४. | विपद्/दुर्घटनाका कारण घाइते भएका व्यक्तिलाई उपचार खर्च प्रति व्यक्ति | रु दश हजार मात्र |

| ५. | आगलागीबाट घर तथा धन सम्पतिको क्षति भएका प्रति परिवार | रु दश हजार मात्र |
|---|---|---|
| ६. | बाढी पहिरोका कारण घरमा क्षति पुगेका वा पुग्न सक्ने जोखिम भएका प्रति परिवार | रु पाँच हजार मात्र |
| ७. | आर्थिक अवस्था कमजोर भएका र उपचार गराईरहेका बिरामी प्रति व्यक्ति | रु पाँच हजार मात्र |

साथै आर्थिक सहायता लिन तपशिल बमोजिमका कागजात पेश गर्नुपर्ने छ ।

तपशिलः

१. प्रहरी मुचुल्का वा वडा सर्जमिन मुचुल्काको प्रतिलिपी

२. नागरिकता प्रमाणपत्रको प्रतिलिपी

३. सम्वन्धित वडा कार्यालयको सिफारिस

४. विल भरपाई, फोटो र निवेदन

**निर्णय नं १४:**

यस गाउँपालिकाका विभिन्न वडा कार्यालयबाट सिफारिस भइ आएका तपशिलका व्यक्तिहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | सहायता रकम |
|---|---|---|---|---|
| १ | सुलेमान नेपाली | सिद्ध कुमाख ३, सल्यान | मृगौला फेल | रु १५ हजार |
| २ | टोप बहादुर चलाउने | सिद्ध कुमाख २, सल्यान | दुर्घटनाबाट घाइते | रु १० हजार |
| ३ | आशाराम रेउले | सिद्ध कुमाख १, सल्यान | मानसिक रोगी | रु १५ हजार |
| ४ | रामकली यरी | सिद्ध कुमाख ५, सल्यान | दुर्घटनाबाट घाइते | रु १० हजार |
| ५ | कामी बुढाथोकी | सिद्ध कुमाख १, सल्यान | पहिरोको कारण घर जोखिममा परेको | रु ५ हजार |
| ६ | केवला रोका | सिद्ध कुमाख ५, सल्यान | जंगली च्याउ खाएर विरामी | रु १० हजार |
| ७ | हर्षा बुढाथोकी | सिद्ध कुमाख १, सल्यान | रक्त क्यान्सर पिडित | रु १५ हजार |
| ८ | दुर्पत बुढाथोकी | सिद्ध कुमाख १, सल्यान | जण्डिसका कारण कलेजो फेल | रु १५ हजार |
| ९ | सिउकली यरी | सिद्ध कुमाख ५, सल्यान | क्यान्सर रोगी | रु १५ हजार |
| ११ | जित बहादुर रोका | सिद्ध कुमाख २, सल्यान | वर्षाका कारण घरमा भत्केको | रु ५ हजार |

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या: २०७९/८०-२

आज मिति २०७९/०५/२६ गते आइतबारका दिन विहान ८ बजे सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको सभाहलमा देहायको सदस्य तथा व्यक्तिहरुको उपस्थितिमा यसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि तपशिलका निर्णयहरु गरियो ।

**उपस्थिति:**

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भरत गिरी | अध्यक्ष | |
| २ | राम बहादुर वस्नेत | उपाध्यक्ष | |
| ३ | मार्शल कुमार ओली | सचिव | |
| ४ | रमेश चलाउने | वडाध्यक्ष, १ नं वडा | |
| ५ | मेक बहादुर बुढाथोकी | वडाध्यक्ष, २ नं वडा | |
| ६ | जिवराज बोहरा | वडाध्यक्ष, ३ नं वडा | |
| ७ | खर्कविर रोका | वडाध्यक्ष, ४ नं वडा | |
| ८ | चुडामणी रेउले | वडाध्यक्ष, ५ नं वडा | |
| ९ | वुदी कुवर | कार्यपालिका सदस्य | |
| १० | आशा परियार | कार्यपालिका सदस्य | |
| ११ | करुणा राना वस्नेत | कार्यपालिका सदस्य | |
| १२ | मनि सार्की | कार्यपालिका सदस्य | |
| १३ | केशर परियार | कार्यपालिका सदस्य | |
| १४ | भिम बहादुर विक | कार्यपालिका सदस्य | |

**अन्य उपस्थिति:**

१. भिमलाल भण्डारी — सूचना प्रविधि अधिकृत
२. रविन्द्र बहादुर थापा — सहायक पाँचौं लेखा
३. रण बहादुर बोहरा — कास

सिद्ध कुमाख गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बोरचौर, सल्यान कर्णाली प्रदेश, नेपाल २०७३

प्रमाणित भयो।
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं १:**
सिद्ध कुमाख गाउँपालिकाको आव २०७९/७९ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार उपभोक्तासमिति मार्फत गर्नुपर्ने सम्पूर्ण योजनाहरुको लागि मिति २०७९ असोज २५ गते भित्र उपभोक्ता समिति गठन गरिसक्नुपर्ने निर्णय गरियो ।

**निर्णय नं २:**
बाल दिवसको अवसरमा महिला बालबालिका तथा जेष्ठनागरिक शाखाको आयोजनामा विद्यालय स्तरीय नृत्य कार्यक्रम गरी मनाउने निर्णय गरियो ।

**निर्णय नं ३:**
यहि मिति २०७९ असोज ३ गते संविधान दिवसको अवसरमा पुरुष जनप्रतिनिधि र कर्मचारी वीचमा मैत्रीपूर्ण भलिवल प्रतियोगिता र महिला जनप्रतिनिधि र कर्मचारी वीचमा कुर्सिदौड प्रतियोगिता आयोजना र गाउँपालिकाको कार्यालय परिसरमा दिप प्रज्वलन गरी मनाउने निर्णय गरियो ।

**निर्णय नं ४:**
प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत असोज मसान्तभित्र वडाबाट योजना र कामदार छनौट गरी गाउँपालिकामा पेश गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं ५:**
सिद्ध कुमाख गाउँपालिका अन्तर्गतका ढोरचौर, छापडाँडा, चाखिलघाट, पटारे र मोखला लगायतका प्रमुख बजारकेन्द्रहरुमा बजार अनुगमन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६:**
सिद्ध कुमाख गाउँपालिकाका विभिन्न वडा कार्यालयबाट सिफारिस भै आएका तपशिलका व्यक्तिहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | दुर्गा वहादुर वली | सिद्ध कुमाख-३ सल्यान | पहिरोको जोखिममा घर रहेको | रु ५०००/- |
| २ | गरेली दमाई | सिद्ध कुमाख-२ सल्यान | घरमा पहिरोको जोखिम रहेको | रु ५०००/- |
| ३ | टिकाराम चलाउने | सिद्ध कुमाख-१ सल्यान | बर्षादको कारण गोठमा क्षति | रु ५०००/- |
| ४ | निम बहादुर बुढाथोकी | सिद्ध कुमाख-१ सल्यान | जण्डिसले मृत्यू भएको हुँदा परिवार लाई किरिया खर्च | रु १५०००/- |

भरत गिरी
अध्यक्ष
सिद्ध कुमाख गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
ढोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल
२०७३

प्रमाणित भयो।
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ५ | कुल बहादुर खड्का | सिद्ध कुमाख-४ सल्यान | मुटुको समस्या भइ उपचारत रहेको । | रु १५०००/- |

**निर्णय नं ७:**
मिति २०७९/०५/२४ गते बसेको गाउँ शिक्षा समितिको निर्णय सर्वसम्मतले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८:**
सिद्ध कुमाख गाउँपालिका वडा नं ४ मा रहेको श्री जनसेवा आवि सागिनेमा कार्यरत शिक्षक नविन चलाउने र वडा नं ५ मा रहेको श्री नेपाल राष्ट्रिय मावि छापडाँडामा कार्यरत शिक्षक श्री तुलसी चलाउने एक आपसमा सरुवा गर्न चाहेको हुँदा शिक्षा विकास तथा समन्वय इकाई सल्यानलाई सरुवाको सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ९:**
सिद्ध कुमाख गाउँपालिकामा ल्याव असिस्टेन्ट पदको लागि गठन गरिएको तपशिल बमोजिमको पदपूर्ति समिति अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिलः

श्री मार्शल कुमार ओली - संयोजक
श्री सन्तोष न्यौपाने - विषय विज्ञ
श्री सुरेन्द्र प्रसाद यादव - सदस्य
श्री राजेश बोहरा - सदस्य

भरत गिरी
अध्यक्ष

सिद्ध कुमाख गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय रोरचौर, सल्यान कर्णाली प्रदेश, नेपाल २०७३

प्रमाणित भयो।
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्याः २०७९/८०-३

आज मिति २०७९/०६/१२ गते आइतबारको दिन बिहान ८ बजे सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको सभाहलमा देहायको सदस्य तथा व्यक्तिहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि तपशिलका निर्णयहरु गरियो ।

**उपस्थितिः**

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भरत गिरी | अध्यक्ष | |
| २ | राम बहादुर वस्नेत | उपाध्यक्ष | |
| ३ | मार्शल कुमार ओली | सचिव | |
| ४ | रमेश चलाउने | वडाध्यक्ष, १ नं वडा | |
| ५ | मेक बहादुर बुढाथोकी | वडाध्यक्ष, २ नं वडा | |
| ६ | जिवराज वोहरा | वडाध्यक्ष, ३ नं वडा | |
| ७ | खर्कविर रोका | वडाध्यक्ष, ४ नं वडा | |
| ८ | चुडामणी रेउले | वडाध्यक्ष, ५ नं वडा | |
| ९ | बुदी कुवर | कार्यपालिका सदस्य | |
| १० | आशा परियार | कार्यपालिका सदस्य | |
| ११ | करुणा राना वस्नेत | कार्यपालिका सदस्य | |
| १२ | मनि सार्की | कार्यपालिका सदस्य | मनि |
| १३ | केशर परियार | कार्यपालिका सदस्य | |
| १४ | भिम बहादुर विक | कार्यपालिका सदस्य | भिम |

**अन्य उपस्थितिः**

१. भिमलाल भण्डारी — सूचना प्रविधि अधिकृत

२. रविन्द्र बहादुर थापा — सहायक पाँचौं लेखा

३. हिमा कुमारी रेउले — कास

प्रमाणित भयो।

सिद्ध कुमाख गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
सल्यान
कर्णाली प्रदेश, नेपाल

**प्रस्तावहरु**

१. अघिल्लो वैठकको समिक्षा सम्वन्धमा ।

२. एम्वुलेन्स सञ्चालन सम्वन्धमा ।

३. चोरपानी लिफ्ट खानेपानी योजनाको मोटर खरिद सम्वन्धमा ।

४. राजस्व बाँडफाँड स्रोतबाट बनेका कार्यक्रमको भुक्तानी सम्वन्धमा ।

५. आर्थिक सहायता सम्वन्धमा ।

६. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतको पत्र सम्वन्धमा ।

७. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धमा ।

८. विविध ।

भरत गिरी
अध्यक्ष

प्रमाणित भयो।
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं १:**

मिति २०७९/०५/२६ गते वसेको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन सम्वन्धमा व्यापक छलफल गर्दा वर्षातका कारणले बजार अनुगमन गर्न नसकिएको, उपभोक्ता समितिको गठन भै रहेको र संविधान दिवस, २०७९ जनप्रतिनिधि र कर्मचारीबीच मैत्रीपूर्ण भलिबल र कुर्सीदौड कार्यक्रम गरी भव्य रुपले मनाइएको र समग्रमा धेरै निर्णयहरु कार्यान्वयन भएको समिक्षा गरियो ।

**निर्णय नं २:**

क. सिद्ध कुमाख गाउँपालिकामा सञ्चालित एम्वुलेन्स चालकको मासिक तलव रु १५०००/- र मासिक आम्दानीबाट २० प्रतिशत प्रोत्साहन भत्ता रकम गाउँपालिकाले दिने निर्णय गरियो।

ख. सिद्ध कुमाख गाउँपालिकामा सञ्चालित एम्वुलेन्स गत आवमा मर्मत गर्न लागेको खर्च रु ५३,३३६/- को दायित्व सिर्जना गरी भुक्तानी गर्ने र यही मिति २०७९।०५।१६ गते बनगाड कुपिण्डेको बालुवा संग्रही दुर्घटना हुँदा मर्मत गर्न लागेको खर्च रु ६०,२००/- गरी जम्मा खर्च रु.११३५३६/- (अक्षरुपी रु एक लाख तेह्र हजार पाँच सय छत्तिस रुपैयाँ गाउँपालिकाको कोषबाट व्यहोर्ने निर्णय गरियो।

ग. सिद्ध कुमाख गाउँपालिका द्वारा सञ्चालित एम्वुलेन्सको जिल्ला एम्वुलेन्स सेवा समितिले निर्धारण गरेको भाडादर अनुसार तोक्ने निर्णय गरियो ।

**निर्णय नं ३:**

सिद्ध कुमाख गाउँपालिका वडा नं ३ स्थित चोरपानी लिफ्ट खानेपानी योजनामा मोटर विग्रिएको हुनाले नयाँ मोटर खरिद गरी सम्वन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं ४:**

संघिय सरकारको राजस्व बाँडफाँडबाट बनेका विभिन्न कार्यक्रमहरुको भुक्तानी गर्नुपर्ने भएको तर आवश्यक रकम सो स्रोतबाट प्राप्त नभएका कारण गाउँपालिकाको आन्तरिक स्रोत (गत आवको मौज्दात) बाट वनेका कार्यक्रमबाट खर्च गरी पछि राजस्व बाँडफाडबाट रकम प्राप्त भए पश्चात सो रकम सोधभर्ना हुने गरी खर्च गर्न सर्वसम्मतले निर्णय गरियो ।

**निर्णय नं ५:**

सिद्ध कुमाख गाउँपालिकाका विभिन्न वडा कार्यालयबाट सिफारिस भै आएका तपशिलका व्यक्तिहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | वल वहादुर वुढाथोकी | सिद्ध कुमाख-३ सल्यान | क्यान्सर पिडित भै उपचाररत रहेको | रु १५०००/- |
| २ | सर्केली चलाउने | सिद्ध कुमाख-२ सल्यान | क्यान्सर पिडित भै उपचाररत रहेको | रु १५०००/- |
| ३ | बिमला वुढाथोकी | सिद्ध कुमाख-१ सल्यान | क्यान्सर पिडित भै उपचाररत रहेको | रु १५०००/- |

CamScanner

**निर्णय नं ६:**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र संख्या स्थानीय/सिद्धकुमाख/सल्यान/२०७९/०८० च.नं L-SKT-980-12514 मिति २०७९/०५/२९ गतेको पत्रानुसार यस गाउँपालिकाका जनस्वास्थ्य निरीक्षक (अधिकृत छैठौं) सुरेन्द्र प्रसाद यादवको संयोजक, सिभिल इन्जिनियर विवेकमान बस्नेत र सहायक पाँचौं (प्रशासन) मदन बुढाथोकी सदस्य रहेको तीन सदस्यीय स्थलगत समितिले तपशिलका विद्यालयहरुमा आ.व. २०७८/७९ मा सम्पन्न तपशिलका कार्यक्रमका सम्वन्धमा स्थलगत अनुगमन गरी पेश गरेको प्रतिवेदन अनुसार विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तरगत तपसिलका विद्यालयहरुले नै सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम खरिद प्रक्रिया अवलम्बन गरी खरिद गरेको र लागत इस्टिमेट, स्पेशिफिकेसन तथा बिल बमोजिकको संख्या र गुणस्तरका सामानहरु विद्यालयमा भएकोले कुनै पनि अनिमियता नभएको व्यहोरा जानकारी गराउने निर्णय गरियो ।

तपशिल:

| क.स. | विद्यालयको नाम | कार्यक्रमको नाम | कैफियत |
|---|---|---|---|
| १ | श्री देउराली मावि कुइयाँझोल | कम्प्युटर प्रयोगशाला स्थापना | कम्प्यूटर, प्रोजेक्टर, ल्यापटप, प्रिन्टर, स्क्यानर र स्पिकर, कुर्सि, कम्प्युटर टेवल र जुट कार्पेट लगायतका सामाग्रीहरु खरिद भएको । |
| २ | श्री शान्ति सुन्दर मावि खार्वन | पुस्तकालय स्थापना | विभिन्न प्रकाशनका पुस्तकहरु र लाइब्रेरीमा आवश्यक काठको र्‍याक, बुक क्याविनेट,थ्री सिटर, टी टेबल लगायतका सामाग्रीहरु खरिद भएको । |
| ३ | श्री ने.रा. मावि छापडाँडा | विज्ञान प्रयोगशाला स्थापना | विज्ञान ल्याव सामाग्री र ल्यावमा आवश्यक काठको दराज, टेवल, वेन्च, पि फर्म र जुट कार्पेट लगायतका सामाग्रीहरु खरिद भएको । |

**निर्णय नं ७:**

सिद्ध कुमाख गाउँपालिकामा आव २०७९/८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका कार्यक्रम छनौट गरि सञ्चालन गर्ने निर्णय गरियो।

| सि.न. | योजनाको नाम | कार्यान्वयन हुने स्थान | कामदार संख्या | बजेट |
|---|---|---|---|---|
| १ | उपल्लो बाँझकाँडा चारकुने पोखरीदेखि पारीवनपाखा जोड्ने सडक निर्माण योजना | सिद्धकुमाख वडा नं. १ | १५ | ८६५५०० |
| २ | तल्लो बाँझकाँडा वन भवनदेखि चाख्लीघाट मसानघाटसम्म | सिद्धकुमाख वडा नं. १ | १५ | ८६५५०० |

भरत गिरी
अध्यक्ष

प्रमाणित गरियो

| | | | | |
|---|---|---|---|---|
| | गोरेटोबाटो निर्माण योजना | | | |
| ३ | पटारे हम्पालदेखि बानपा जोड्ने सडक निर्माण योजना | सिद्धकुमाख वडा नं. १ | १५ | ८६५५०० |
| ४ | माथिगाउँ हुदै महेन्द्र आवि जोड्ने मोटरबाटो निर्माण | सिद्ध कुमाख २ सल्यान | २० जना | ११५४००० |
| ५ | फल्लेखर्क नयाँखोला हुदै त्रिवेणी मसानघाट गोरेटो बाटो निर्माण | सिद्ध कुमाख २ सल्यान | २४ जना | १३८४८०० |
| ६ | बिसुन्थली देखि इन्द्रगैरा हुदै हिमालय आवि जोड्ने सडक निर्माण | सिद्ध कुमाख ३ सल्यान | १५ जना | ८६५५०० |
| ७ | वाल्लो कल्लेचौर देखि लिसा हुदै मसानघाटसम्म सडक बाटो निर्माण | सिद्ध कुमाख ३ कल्लेचौर सल्यान | १५ जना | ८६५५०० |
| ८ | झारगाउँ देखि राउटेचौर हुदै गतेर्ना जोड्ने सडक बाटो निर्माण योजना | सिद्ध कुमाख ३ झारगाउँ सल्यान । | १५ जना | ८६५५०० |
| ९ | खार्वन जिउला सडक निर्माण योजना | सिद्ध कुमाख ४ सल्यान | २० जना | ११५४००० |
| १० | चौंदे सल्लेरी सडक निर्माण योजना | सिद्ध कुमाख ४ सल्यान | १० जना | ५७७००० |
| ११ | करेञ्जी छापडाँडा सडक निर्माण योजना | सिद्ध कुमाख ४ सल्यान | १५ जना | ८६५५०० |
| १२ | राम्री मरट ढाँडे जाने गोरेटो बाटो निर्माण योजना | सिद्ध कुमाख ५ सल्यान | १५ जना | ८६५५०० |
| १३ | वडाकाँडा देखि बारमासे जोड्ने मोटर बाटो निर्माण योजना | सिद्ध कुमाख ५ सल्यान | १५ जना | ८६५५०० |
| १४ | वडाकाँडा हुदै खार्वन खोला मरट जाने बाटो निर्माण योजना | सिद्ध कुमाख ५ सल्यान | १५ जना | ८६५५०० |

**निर्णय नं ८:**

यही मिति २०७९ भाद्र ११ गते गाउँपालिकामा मनाइएको तीज विशेष कार्यक्रममा भएको विविध खर्च रु १२,७५० भुक्तानी गर्ने निर्णय गरियो ।

सिद्ध कुमाख गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

भरत गिरि
अध्यक्ष

प्रमाणित गयो।
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्याः २०७९/८०-४

आज मिति २०७९/०७/२५ गते शुक्रबारका दिन बिहान ८ बजे सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको सभाहलमा देहायको सदस्य तथा व्यक्तिहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि तपशिलका निर्णयहरु गरियो ।

**उपस्थितिः**

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भरत गिरी | अध्यक्ष | |
| २ | राम बहादुर वस्नेत | उपाध्यक्ष | |
| ३ | मार्शल कुमार ओली | सचिव | |
| ४ | रमेश चलाउने | वडाध्यक्ष, १ नं वडा | |
| ५ | मेक बहादुर बुढाथोकी | वडाध्यक्ष, २ नं वडा | |
| ६ | जिवराज बोहरा | वडाध्यक्ष, ३ नं वडा | |
| ७ | खर्कविर रोका | वडाध्यक्ष, ४ नं वडा | |
| ८ | चुडामणी रेउले | वडाध्यक्ष, ५ नं वडा | |
| ९ | वुदी कुवर | कार्यपालिका सदस्य | |
| १० | आशा परियार | कार्यपालिका सदस्य | |
| ११ | करुणा राना वस्नेत | कार्यपालिका सदस्य | |
| १२ | मनि सार्की | कार्यपालिका सदस्य | |
| १३ | केशर परियार | कार्यपालिका सदस्य | |
| १४ | भिम बहादुर विक | कार्यपालिका सदस्य | |

**अन्य उपस्थितिः**

१. भिमलाल भण्डारी — सूचना प्रविधि अधिकृत

२. कमल चन्द — सहायक चौथों प्रशासन

३. हिमा कुमारी रेउले — कास

४. रविन्द्र बहादुर [illegible]

CS CamScanner

प्रस्तावहरु

१. आर्थिक सहायता सम्वन्धमा ।

२. चिनाली सडक मर्मत सम्वन्धमा ।

३. गाडी भाडा भुक्तानी सम्वन्धमा ।

४. सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना तथा संचालन सम्बन्धमा।

भरत गिरी
अध्यक्ष

प्रमाणित भयो।

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं १:**

सिद्ध कुमाख गाउँपालिकाका विभिन्न वडा कार्यालयबाट सिफारिस भै आएका तपशिलका व्यक्तिहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | हेमराज खड्का | सिद्ध कुमाख-५ सल्यान | बर्षातका कारण घर भत्किएको । | रु ५०००/- |
| २ | डिले कामी | सिद्ध कुमाख-१ सल्यान | बर्षातका कारण घर भत्किएको । | रु ५०००/- |
| ३ | टेक बहादुर बस्नेत | सिद्ध कुमाख-१ सल्यान | बर्षातका कारण घर भत्किएको । | रु ५०००/- |
| ४ | माधव बुढाथोकी | सिद्ध कुमाख-१ सल्यान | बर्षातका कारण घर भत्किएको । | रु ५०००/- |
| ५ | सुर्य बहादुर कामी | सिद्ध कुमाख-५ सल्यान | निजको श्रीमतीलाई बाढीले बगाएर मृत्यु भएको । | रु २५०००/- |

**निर्णय नं २:**

यहि असोजमा आएको भारी बर्षातको कारण कालालेक-चिनाली सडक खण्डमा पहिरो गइ सडक अवरुद्ध भएको र उक्त सडक खुलाउन सडकको छेउमा पर्ने जग्गा धनिहरुसँग समन्वय गरी यथासिघ्र सडक सञ्चालनमा ल्याइने निर्णय गरियो ।

**निर्णय नं ३:**

अविरल बर्षातको कारणले सिद्ध कुमाख ५ माझखर्क निवासी गिता कामीलाई बाढीले बगाएर मृत्यू भएकोमा निजको लास कालिमाटी गाउँपालिका वडा नं १ चौरबाट सिद्ध कुमाख ५ माझखर्क सम्म शव ढुवानी गरे बापतको डवल क्याव गाडीको भाडा रु १८,०००/- (अक्षरुपी: अठार हजार मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ४:**

सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना तथा संचालनका लागि सिद्धकुमाख गाउँपालिका, कृषि क्षेत्र विकास कार्यक्रम र सामुदायिक कृषि प्रसा सेवा केन्द्रबीच त्रिपक्षीय सम्झौता गर्ने र सम्झौतामा उल्लेख भए अनुसार यस आर्थिक वर्षको लागि गाउँपालिकाको तर्फबाट रु ३,०४,२५० रकम व्यहोर्ने निर्णय गरियो ।साथै उक्त सेवा केन्द्रमा काम गर्ने गरी यस गाउँपालिकाको पशु शाखामा कार्यरत झरना रेउलेलाई खटाउने निर्णय गरियो ।

भरत गिरी
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणित भयो।

बैठक संख्या: २०७९/८०-५

आज मिति २०७९/०८/१५ गते बिहीवारका दिन विहान ८ बजे सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको सभाहलमा देहायको सदस्य तथा व्यक्तिहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि तपशिलका निर्णयहरु गरियो ।

**उपस्थिति:**

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भरत गिरी | अध्यक्ष | [signature] |
| २ | राम बहादुर वस्नेत | उपाध्यक्ष | [signature] |
| ३ | मार्शल कुमार ओली | सचिव | [signature] |
| ४ | रमेश चलाउने | वडाध्यक्ष, १ नं वडा | [signature] |
| ५ | मेक बहादुर बुढाथोकी | वडाध्यक्ष, २ नं वडा | — |
| ६ | जिवराज बोहरा | वडाध्यक्ष, ३ नं वडा | [signature] |
| ७ | खर्कविर रोका | वडाध्यक्ष, ४ नं वडा | [signature] |
| ८ | चुडामणी रेउले | वडाध्यक्ष, ५ नं वडा | [signature] |
| ९ | वुदी कुवर | कार्यपालिका सदस्य | [signature] |
| १० | आशा परियार | कार्यपालिका सदस्य | [signature] |
| ११ | करुणा राना वस्नेत | कार्यपालिका सदस्य | [signature] |
| १२ | मनि सार्की | कार्यपालिका सदस्य | मनि |
| १३ | केशर परियार | कार्यपालिका सदस्य | — |
| १४ | भिम बहादुर विक | कार्यपालिका सदस्य | — |

**अन्य उपस्थिति:**

१. रविन्द्र बहादुर थापा — सहायक पाँचौं लेखा

२. हिमा कुमारी रेउले — कार्यालय सहयोगी

3. सुरेन्द्र प्रसाद यादव — प्र. स्वा. नि.

**प्रस्तावहरु**

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।

२. मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

३. गाउँपालिका राष्ट्रिय महासंघको राष्ट्रिय महाधिवेशन सम्बन्धमा ।

४. सडक डिपिआर गर्ने सम्बन्धमा।

५. LISA तथा FRA पूर्वतयारी तथा समन्वय समिति सम्बन्धमा।

६. गाउँपालिका स्तरीय योजना अनुगमन समितिमा मनोनयन सम्बन्धमा।

७. आर्थिक सहायता सम्वन्धमा।

८. भूमिको वर्गीकरण सम्बन्धमा ।

९. विविध सम्बन्धमा ।

प्रमाणित भयो।

प्रमुख प्रशासकीय अधिकृत

भरत गिरी
अध्यक्ष

**निर्णय नं १:**

वर्षात, चाडपर्व र आम निर्वाचनको कारण उपभोक्ता समिति गठन हुन नसकेकोले आर्थिक वर्ष २०७९/८० को लागि यस गाउँपालिकाबाट विनियोजन भएका योजनाहरुको सम्झौतामा ढिलाई भएको समिक्षा गरियो । यही मिति २०७९ मंसिर २५ गतेभित्र उपभोक्ता समिति गठन गरिसक्ने गरी सबै वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं २:**

मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत मुख्यमन्त्री रोजगार कार्यक्रम संचानल निर्देशिका बमोजिम कामदार छनौट गर्न वडा कार्यालयलाई निर्देशन दिने र एक जना कामदारले न्यूनतम ३० देखि अधिकतम ५० दिनसम्म काम गर्ने गरी कामदरको संख्या र दिन निर्धारण गर्न रोजगार सेवा केन्द्रलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं ३:**

गाउँपालिका राष्ट्रिय महासंघ नेपालको च.नं. ४५ मिति २०७९ कार्तिक १६ को पत्रानुसार गत आ.व. को नवीकरण शुल्क वापत रु २०,०००, यस आ.व. को नवीकरण शुल्क वापत रु २०,००० र तेस्रो महाधिवेशन प्रवेश शुल्क वापत रु १०,००० गरी जम्मा ५०,००० (अक्षेरेपी पचास हजार मात्र) रकम गाउँपालिका राष्ट्रिय महासंघ नेपाललाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ४:**

यस गाउँपालिकाको वडा नं. १ मा पर्ने कागखोला-पारिवन-उपल्लो बाँझकाँडा-कुखुरेखोर-हम्पाल-घानेटाकुरा सडक, वडा कार्यालयदेखि आरुगैरा सडक र बेलौतीघारी तल्लो बाँझकाँडा हुँदै उपल्लो बाँझकाँडा सडकको डिपिआर तयार गरी बजेटको लागि संघीय तथा प्रदेश सरकारसमक्ष माग गर्ने निर्णय गरियो ।

**निर्णय नं ५:**

LISA पूर्वतयारी तथा समन्वय समिति र FRA पूर्वतयारी तथा समन्वय समितिकी गठन तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

क) LISA पूर्वतयार तथा समन्वय समिति गठन

संयोजक — प्रमुख प्रशासकीय अधिकृत

सदस्य — सबै शाखा प्रमुखहरु

सदस्य सचिव — LISA Focal Person

ख) FRA पूर्वतयारी तथा समन्वय समिति

संयोजक — प्रमुख प्रशासकीय अधिकृत

सदस्य — सबै शाखा प्रमुखहरु

सदस्य सचिव — FRA Focal Person

प्रमाणित भयो।

**निर्णय नं. ६**

यस गाउँपालिकाको गाउँपालिका स्तरीय योजना अनुगमन समितिको सदस्यमा पूर्वाधार विकास समितिका संयोजक श्री चुडामणि रेउले, सम्बन्धित वडाका वडा अध्यक्ष र सम्बन्धित वडाका कार्यपालिका सदस्यलाई मनोनित गर्ने निर्णय गरियो ।

भरत गिरि अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ७:**

सिद्ध कुमाख गाउँपालिकाका विभिन्न वडा कार्यालयबाट सिफारिस भई आएका तपशिलका व्यक्तिहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १. | महेन्द्र वि.क. | सिद्धकुमाख-४, सल्यान | फिस्टुला रोगबाट पिडित भई उपचाररत रहेको | रु १५,०००/- |
| २. | रुपा परियार | सिद्ध कुमाख-४ सल्यान | रुखबाट लडेर घाइते भई उपचाररत रहेको | रु १०,०००/- |
| ३. | मने कामी | सिद्ध कुमाख-४ सल्यान | वर्षातको कारण घर भत्केको | रु ५,०००/- |
| ४. | दलु कामी | सिद्ध कुमाख-४ सल्यान | वर्षातको कारण घर भत्केको | रु ५,०००/- |
| ५. | हेमराज रोका | सिद्ध कुमाख-५ सल्यान | वर्षातको कारण घर भत्केको | रु ५,०००/- |

**निर्णय नं ८:**

सिद्धकुमाख गाउँपालिका अन्तरगत रहेको भूमिलाई वडा समितिको सिफारिस अनुसार वर्गीकरण गरी मालपोत कार्यालयमा पठाउने निर्णय गरियो।

**निर्णय नं. ९**

क) प्रहरी चौकी ढोरचौरको इन्धन र मोटरसाइकल मर्मत वापतको खर्च भुक्तानी दिने निर्णय गरियो ।

ख) प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९ को मतदाता शिक्षा कार्यक्रम निर्देशिकाको दफा ११ र १२ बमोजिमको कार्यक्रम संचालनका लागि जनशक्ति परिचालन गर्दा लागेको भत्ता र खाजा खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

भरत गिरी
अध्यक्ष

प्रमाणित भयो।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बैठक संख्या: २०७९/८०-६

आज मिति २०७९/०९/०८ गते शुक्रबारका दिन बेलुका ५ बजे सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको सभाहलमा देहायको सदस्य तथा व्यक्तिहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि तपशिलका निर्णयहरु गरियो ।

**उपस्थिति:**

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भरत गिरी | अध्यक्ष | |
| २ | राम बहादुर बस्नेत | उपाध्यक्ष | |
| ३ | मार्शल कुमार ओली | सचिव | |
| ४ | रमेश चलाउने | वडाध्यक्ष, १ नं वडा | |
| ५ | मेक बहादुर बुढाथोकी | वडाध्यक्ष, २ नं वडा | |
| ६ | जिवराज बोहरा | वडाध्यक्ष, ३ नं वडा | |
| ७ | खर्कविर रोका | वडाध्यक्ष, ४ नं वडा | |
| ८ | चुडामणी रेउले | वडाध्यक्ष, ५ नं वडा | |
| ९ | बुदी कुवर | कार्यपालिका सदस्य | बुदी |
| १० | आशा परियार | कार्यपालिका सदस्य | Asha |
| ११ | करुणा राना बस्नेत | कार्यपालिका सदस्य | |
| १२ | मनि सार्की | कार्यपालिका सदस्य | मनि |
| १३ | केशर परियार | कार्यपालिका सदस्य | |
| १४ | भिम बहादुर विक | कार्यपालिका सदस्य | भिम |

**अन्य उपस्थिति:**

१. भिमलाल भण्डारी — सूचना प्रविधि अधिकृत

२. कमल चन्द — सहायक चौथों प्रशासन

३. हिमा कुमारी रेउले — कास

CamScanner

**प्रस्तावहरु**

१. कर्मचारी पदपूर्ति सम्वन्धमा ।

२. हिउदे गाउँसभा सम्वन्धमा ।

३. स्वास्थ्य संकट एवं विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ सम्वन्धमा ।

४. स्वास्थ्य क्षेत्रको अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण निर्देशिका, २०७९ सम्वन्धमा ।

५. ब्याक हो लोडर सम्वन्धमा ।

६. गाउँ कार्यपालिकाको सदस्यहरुको पोशाक सम्वन्धमा ।

७. ज्यालादारीका का.स. नियुक्ती सम्वन्धमा ।

८. गरिव घरपरिवार परिचय पत्र वितरण सम्वन्धमा ।

९. सार्वजनिक सुनुवाई सम्वन्धमा ।

१०. स्थानीय पाठ्यक्रम तयार गर्न विज्ञ नियुक्त सम्वन्धमा ।

११. विविध ।

भरत गिरी
अध्यक्ष

प्रमाणित भयो।

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं १:**

**सिद्ध कुमाख गाउँपालिकामा रिक्त रहेका तपशिल बमोजिमका पदमा तपशिल बमोजिमको संख्यामा करार सेवाबाट पदपूर्ति गर्न विज्ञापन गर्ने निर्णय गरियो।**

| क.स. | पद | तह | माग संख्या |
|---|---|---|---|
| १ | कृषि स्नातक | अधिकृत छैठौं | १ जना |
| २ | रोजगार सहायक | सहायक पाँचौ | १ जना |
| ३ | प्राविधिक सहायक | सहायक पाँचौ | १ जना |
| ४ | कार्यालय सहयोगी | श्रेणी विहिन | ३ जना |
| ५ | उद्यम विकास सहजकर्ता | सहायक चौथो | १ जना |
| ६ | नगर प्रहरी | श्रेणी विहिन | ३ जना |

**निर्णय नं २:**

आगामी हिउँदे गाउँसभाको निर्णय सार्वजनिक गर्दा पूर्व जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज तथा पत्रकारलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

**निर्णय नं ३:**

सिद्ध कुमाख गाउँपालिकाको स्वास्थ्य संकट एवं विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ४:**

सिद्ध कुमाख गाउँपालिकाको स्वास्थ्य क्षेत्रको अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण निर्देशिका, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ५:**

सिद्ध कुमाख गाउँपालिकाले सञ्चालन गरेको ब्याक हो लोडरलाई Full Servicing गरि नियमित रुपमा सञ्चालनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं ६:**

सिद्ध कुमाख गाउँपालिकाका पुरुष कार्यपालिका सदस्यहरुको लागि कोट/पाइन्ट र महिला कार्यपालिका सदस्यहरुको लागि साडी/ ब्लाउज वा कुर्ता सुरुवाल निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं ७:**

सिद्ध कुमाख गाउँपालिकाका अध्यक्ष ज्यूको क्वाटरमा व्यवस्थापन गर्न करारमा पदपूर्ति नहुदाँसम्मका लागि कार्यालय सहयोगीको रुपमा काम गर्न गर्ने गरि सिद्ध कुमाख गाउँपालिका वडा नं ५ वस्ने श्री देवीलाल रेउलेलाई दैनिक रु ५०० (अक्षरुपी रु पाँच सय) का दरले ज्यालादारीमा लगाउने निर्णय गरियो ।

भरत गिरी
अध्यक्ष

प्रमाणित भयो।
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं ८:**

सिद्ध कुमाख गाउँपालिकामा गरिब घरपरिवार परिचयपत्र यहि पुष मसान्तभित्र गाउँपालिकाको कार्यालयबाट वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं ९:**

सिद्ध कुमाख गाउँपालिकाको यस आव २०७९/८० को पहिलो चौमासिक सार्वजनिक सुनुवाई पुषको अन्तिम साता वडा नं ५ को वडाकार्यालय छापडाडामा गर्ने निर्णय गरियो ।

**निर्णय नं १०:**

सिद्ध कुमाख गाउँपालिकाको स्थानीय पाठ्यक्रम तयार गर्न नेपाल संस्कृत विश्वविद्यालयका उप-प्राध्यापक श्री रिम बहादुर खड्कालाई नियुक्ति गरि स्थानीय पाठ्यक्रम तयार गर्न गठित कार्यदलको काम अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं ११:**

क) सिद्ध कुमाख गाउँपालिकाका तपशिल बमोजिमका कर्मचारीहरुलाई देहाय बमोजिमको जिम्मेवारी दिने निर्णय गरियो ।

तपशिल:

| क्र.स. | कर्मचारीको नाम थर | जिम्मेवारी दिएको पद/ तह | कार्यालय |
|---|---|---|---|
| १. | कमल चन्द | वडा सचिव | १ नं वडा कार्यालय |
| २. | सुरेश वोहरा | वडा सचिव | २ नं वडा कार्यालय |
| ३. | नवराज आचार्य | वडा सचिव | ४ नं वडा कार्यालय |
| ४. | कृष्णा बहादुर चलाउने | वडा सचिव | ५ नं वडा कार्यालय |
| ५. | चन्द्रा कुमारी देवकोटा | सहायक चौथो | गाउँ कार्यपालिकाको कार्यालय |
| ६. | निशा केसी | ना.प्रा.स. | २ नं वडा कार्यालय |
| ७. | प्रकाश घर्ती | अ.हे.व | चाँदे करेन्जी स्वास्थ्यचौकी |
| ८. | चेतना घिताल | अ.न.मी. | आधारभूत स्वास्थ्य केन्द्र खार्बन |
| ९. | चन्द्रमा कुमारी बुढाथोकी | अ.हे.व. | सिद्धेश्वरी स्वास्थ्य चौकी |

ख) यस सिद्ध कुमाख गाउँपालिकामा कार्यरत ना.प्रा.स. चन्द्र बहादुर के.सी. ले सूदुरपश्चिम विश्वविद्यालयमा छात्रवृत्तीमा बि.एस्सी एजी अध्ययनको लागि आवेदन पेश गर्नको लागि पूर्व स्वीकृति माग गरेकोले निजलाई अध्ययनको लागि पूर्व स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

भरत गिरी

प्रमाणित भयो।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**बैठक संख्या: २०७९/८०-७**

आज मिति २०७९/०९/२५ गते सोमबारका दिन बिहान ८ बजे सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको सभाहलमा देहायको सदस्य तथा व्यक्तिहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि तपशिलका निर्णयहरु गरियो ।

**उपस्थितिः**

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भरत गिरी | अध्यक्ष | |
| २ | राम बहादुर वस्नेत | उपाध्यक्ष | |
| ३ | मार्शल कुमार ओली | सचिव | |
| ४ | रमेश चलाउने | वडाध्यक्ष, १ नं वडा | |
| ५ | मेक बहादुर बुढाथोकी | वडाध्यक्ष, २ नं वडा | — |
| ६ | जिवराज बोहरा | वडाध्यक्ष, ३ नं वडा | |
| ७ | खर्कविर रोका | वडाध्यक्ष, ४ नं वडा | |
| ८ | चुडामणी रेउले | वडाध्यक्ष, ५ नं वडा | — |
| ९ | बुदी कुवर | कार्यपालिका सदस्य | बुदी |
| १० | आशा परियार | कार्यपालिका सदस्य | Asha |
| ११ | करुणा राना बस्नेत | कार्यपालिका सदस्य | करुणा |
| १२ | मनि सार्की | कार्यपालिका सदस्य | मनि |
| १३ | केशर परियार | कार्यपालिका सदस्य | — |
| १४ | भिम बहादुर विक | कार्यपालिका सदस्य | भिम |

**अन्य उपस्थितिः**

१. भिमलाल भण्डारी सूचना प्रविधि अधिकृत

२. कलिराम चलाउने का.बा. वडाध्यक्ष कलिराम

३. झुपलाल बोहरा का.बा. वडाध्यक्ष झुपलाल

४ रत्न ब. बोहरा का.स.

प्रमाणित गर्ने

प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरु**

१. संघीय समपूरक/ विशेष अनुदान अन्तर्गत संचालन हुने आयोजनाको प्रस्ताव पेश गर्ने सम्वन्धमा ।
२. पदपूर्ति समिति गठन गर्ने सम्वन्धमा ।
३. स्थानीय निर्देशक समिति गठन सम्वन्धमा ।
४. मूख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित योजनाको नाम परिवर्तन सम्वन्धमा ।
५. आर्थिक सहायता सम्वन्धमा ।
६. कार्यविधि स्वीकृत सम्वन्धमा ।
७. खानेपानी तथा सरसफाईको आयोजनाको प्राथमिकीकरण सम्वन्धमा ।
८. सभाको मिति निर्धारण सम्वन्धमा ।
९. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनको नतिजा अनुमोदन सम्वन्धमा ।
१०. स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकनको नतिजा अनुमोदन सम्बन्धमा ।

भरत गिरी
अध्यक्ष

प्रमाणित भयो।
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं १:**

आ.व. २०८०/०८१ का लागि संघिय समपूरक अनुदान तथा विशेष अनुदान अन्तर्गत तपशिल बमोजिमका आयोजनाहरु छनौट गरी राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपशिलः

**संघीय समपूरक अनुदान अन्तर्गतः**

| क्र.स. | आयोजनाको नाम | कार्यान्वयन हुने वडा | संघले वेहोर्ने रकम | गा.पा. ले वेहोर्ने रकम | जम्मा बजेट |
|---|---|---|---|---|---|
| १ | उचाल्ने-खार्वन-सागिने सडक स्तरोन्नति आयोजना | वडा नं ४ | १ करोड | १ करोड | २ करोड |
| २ | १ नं वडा कार्यालय भवन निर्माण आयोजना | वडा नं १ | १ करोड | १ करोड | २ करोड |

**विशेष अनुदान अन्तर्गतः**

| क्र.स. | आयोजनाको नाम | कार्यान्वयन हुने वडा | जम्मा बजेट |
|---|---|---|---|
| १ | मेलचौर लिफ्ट खानेपानी आयोजना | वडा नं ४ | १ करोड २५ लाख |
| २ | पोषण सुधार कार्यक्रम | गाउँपालिका | ५० लाख |

**निर्णय नं २:**

यस गाउँपालिकाबाट विज्ञापन आह्वान गरिएका तपशिल बमोजिमका पदहरुमा पदपूर्ति गर्न तपशिल वमोजिमको पदपूर्ति समिति गठन निर्णय गरियो ।

तपशिलः

क. कार्यालय सहयोगि पदको लागि पदपूर्ति समिति
- १. प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष
- २. प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय सल्यान - सदस्य
- ३. स्वास्थ्य शाखा प्रमुख - सदस्य
- ४. प्रशासन शाखा प्रमुख - सदस्य

ख. उद्यम विकास सहजकर्ता(चौथो तह) पदको लागि पदपूर्ति समिति
- १. प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष
- २. प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय सल्यान - सदस्य
- ३. उद्यम विकास सम्वन्धि काम गरेको विषय विज्ञ - सदस्य
- ४. प्रशासन शाखा प्रमुख - सदस्य

ग. रोगजार सहायक(पाँचौ तह) पदको लागि पदपूर्ति समिति
- १. प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष
- २. प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय सल्यान - सदस्य
- ३. सूचना प्रविधि अधिकृत - सदस्य
- ४. प्रशासन शाखा प्रमुख - सदस्य

भरत गिरी
अध्यक्ष

प्रमाणित भयो।
प्रमुख प्रशासकीय अधिकृत

घ. प्राविधिक सहायक(पाँचौ तह) पदको लागि पदपूर्ति समिति

५. प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष
६. प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय सल्यान - सदस्य
७. सिभिल इन्जिनियर - विषय विज्ञ सदस्य
८. प्रशासन शाखा प्रमुख - सदस्य

**निर्णय नं ३:**

रोजगारीको हक सम्वन्धि नियमावली, २०७५ को नियम १४ बमोजिम तपशिल बमोजिमको स्थानीय निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल:

क. गाउँ कार्यपालिका अध्यक्ष - अध्यक्ष
ख. गाउँ कार्यपालिका उपाध्यक्ष - सदस्य
ग. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
घ. श्री रमेश चलाउने वडाध्यक्ष वडा नं १ - सदस्य
ङ. श्री जिवराज वोहरा वडाध्यक्ष वडा नं ३ - सदस्य
च. रोजगार संयोजक - सदस्य सचिव

**निर्णय नं ४:**

आ.व. २०७९/०८० को लागि कर्णाली प्रदेश मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको वडा नं ४ मा स्वीकृत भएको शान्ति सुन्दर मा.वि. फिल्ड निर्माणको शिर्षक परिवर्तन गरि सम्वन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार शान्ति सुन्दर मावि फिल्ड तथा पर्खाल निर्माण कायम गरी शिर्षक परिवर्तनको लागि कर्णाली प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सुर्खेतमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ५:**

सिद्ध कुमाख गाउँपालिकाका विभिन्न वडा कार्यालयबाट सिफारिस भई आएका तपशिलका व्यक्तिहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | हस्ती चलाउने | सिद्ध कुमाख-२ सल्यान | क्यान्सर रोगबाट पिडित । | रु १५०००/- |
| २ | चित्र बहादुर खड्का | सिद्ध कुमाख-५ सल्यान | पक्षघातबाट पिडित। | रु १५०००/- |
| ३ | काली बहादुर घर्ती | सिद्ध कुमाख-४ सल्यान | बर्षातका कारण घर भत्किएको । | रु ५०००/- |

भरत गिरी
अध्यक्ष

प्रमाणित भयो।
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ६:**

७० बर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुलाई घरमा स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि, २०७९ सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं ७:**

यस गाउँपालिका अन्तरगत पर्ने तपसिलका खानेपानी तथा सरसफाई आयोजनाको प्राथमिकीकरण गरी Sustainable WASH for All (SUSWA) सुर्खेतमा माग गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | आयोजनाको नाम | ठेगाना |
|---|---|---|
| १. | ज्यामिरेटोलमा खानेपानी आयोजना मर्मत तथा विस्तार | सिद्धकुमाख गा.पा. वडा नं. १ |
